कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

फोन नं. ०८८-५२०१३०
Email: adosalyan2081@gmail.com
Website: www.adosalyan.gov.np

कृषि विकास कार्यालय, सल्यान

प. सं. २०८१/०८२
सूचना नं.१३

प्रथम पटक सूचना प्रकाशन मितिः- २०८१/०८/२८

विषयः गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रममा सहभागिताका लागि आबेदन पेश गर्ने सम्बन्धी सूचना।

यस कार्यालयको आ.व. २०८१/०८२ को बार्षिक कार्यक्रम अनुसार प्रदेश सभा निर्वाचन क्षेत्र नं. क र ख अन्तर्गत अति विपन्न तथा लक्षित बर्ग बसोबास भएको समुदायमा **"गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम"** संचालन गर्ने लक्ष रहेको हुँदा इच्छुक गरिब तथा बिपन्न समुदायबाट गठित संचालक समितिबाट प्रस्ताव आब्हानको सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र (मिति २०८१/०९/१८ गतेसम्म) कार्यालय समयमा आवस्यक कागजातहरु सलंग्न राखी आवेदन पेश गर्न जानकारी गराइन्छ। म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै कारबाही हुने छैन। यस सम्बन्धी थप जानकारीका लागि सूचना र प्रस्ताव फारम कार्यालयको ***Website: www.adosalyan.gov.np*** हेर्न तथा डाउनलोड गर्न वा कार्यालयको टेलिफोन नं. ०८८-५२०१३० सम्पर्क गर्न सकिने छ ।

<u>तपसिलः</u>

<u>आवश्यक कागजातहरु:</u>

१. अनुसूची-४ बमोजिमको निवेदन ।
२. सम्बन्धित वडाका वडाअध्यक्षको रोहवरमा समुदायको भेला गरि न्यनतम १५ घरधुरी समाबेश भएको संचालक समिति गठन गरिएको निर्णयको प्रतिलिपि।
३. समितिका कार्यकारीहरुको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
४. सम्झौता तथा बैंक खाता संचालनको लागि आधिकारीक प्रतिनिधि तोकेको संचालक समितिको निर्णय प्रतिलिपि ।
५. सम्वन्धित स्थानीय तह/वडा कार्यालयको सिफारिस पत्र ।

<u>न्यूनतम मापदण्ड</u>

१.लक्षित वर्ग(कृषि मजदुर, पिछडिएको वर्ग, दलित, जनजाती, एकल महिला, अपाङ्ग तथा सहिद परिवार)।
२. आफ्नो उत्पादनले ३ महिना भन्दा बढी खान अपुग हुने क्षेत्र।
३.आयआर्जन बढाउने खालको कार्यक्रम संचालन गर्न सकिने क्षेत्र।

<u>संचालन गर्न सकिने प्रमुख क्रियाकलापहरु</u>

१.तरकारी, च्याउ, मौरी, नर्सरी, फलफुल आदिको उत्पादन तथा बजारीकरण सम्बन्धी कार्यहरु।
२.सिंचाई पूर्वाधार निर्माण।
३.सामुहिक खेति।
४.लघु उद्योग।

महेश आचार्य
नि. कार्यालय प्रमुख

Scanned with CamScanner